श्री बलाध्यक्ष विभाग
कल्याणकारी योजना निर्देशनालय,
जङ्गी अड्डा ।

## पदपूर्ति सम्बन्धी सूचना

(दोश्रो पटक सूचना प्रकाशित मिति २०७५/०८/०७ गते)

१. श्री नेपाली सेना स्वास्थ्य बिज्ञान संस्थान अन्तरगत कलेज अफ मेडिकल पोलिटेक्निक र चिकित्सा शास्त्र महाविद्यालय, भण्डारखाल, श्री स्वास्थ्य सेवा व्यवस्थापन महाशाखा, छाउनी तथा श्री सैनिक आवासीय महाविद्यालय, चितवनमा देहायमा उल्लेखित पदहरु खुल्ला प्रतिस्पर्धाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा श्री कल्याणकारी योजना निर्देशनालय, जङ्गी अड्डामा दरखास्त फाराम भर्न आह्वान गरिन्छ ।

## पदपूर्ति गर्नुपर्ने पदहरु तथा योग्यताको विवरण

| सि.नं. | पद | स्थान | संख्या | सेवाको किसिम | शैक्षिक योग्यता तथा अनुभव | | मासिक त.भ. | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | तलव रु. | भत्ता रु. | जम्मा रु. |
| २. | डेमोन्स्ट्रेटर (MBBS) | श्री चिकित्सा शास्त्र महाविद्यायालय, भण्डारखाल | १ | करार | (१) MBBS उत्तीर्ण गरेको ।<br>(२) सम्बन्धित बिषयमा कम्तिमा १ बर्ष कार्य गरेको अनुभव हुनुपर्ने ।<br>(३) नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको हुनुपर्ने । | प्रथम श्रेणीमा उत्तीर्ण र क्याम्पस स्तरमा अनुभव प्राप्त शिक्षक तथा कर्मचारीलाई विशेष ग्राह्यता दिईने । | ३३,०९०।- | ३,९४०।- | ३७,०३०।- |
| ४. | लेक्चरर (Physics) | श्री कलेज अफ मेडिकल पोलिटेक्निक, भण्डारखाल | १ | फ्ल्याट बेशिस | सम्बन्धित् बिषयमा स्नातकोत्तर तह उत्तिर्ण गरेको । | | प्रति पिरियड रु.६०० | | |
| ८. | MDGP डाक्टर | श्री स्वास्थ्य सेवा व्यवस्थापन महाशाखा, छाउनी | २ | करार | (१) MDGP उत्तिर्ण गरेको ।<br>(२) सम्बन्धित् बिषयमा कम्तिमा १ बर्ष कार्य गरेको अनुभव हुनुपर्ने ।<br>(३) नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको हुनुपर्ने । | | ६८,१३०।- | २०००।- | ७०,१३०।- |
| १०. | प्रिन्सिपल | श्री सैनिक आवासीय महाविद्यालय, चितवन । | १ | करार | (१) त्रि.वि.वा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा ५० प्रतिशत अंक ल्याई स्नातकोत्तर तह उत्तीर्ण भएको हुनु पर्नेछ ।<br>(२) १० + २ वा सोभन्दा माथिल्लो तहमा १२ बर्ष अध्यापन अनुभव भएको हुनुपर्नेछ ।<br>(३) सैनिक आवासीय महाविद्यालय/ विद्यालयहरुमा कार्यरत भाईस प्रिन्सिपल/ विभागीय प्रमुख/संयोजक/हाउसमास्टर जस्ता जिम्मेवारी सफलतापूर्वक सम्हालेका उम्मेदवारको हकमा १० + २ वा सोभन्दा माथिल्लो तहमा १० बर्ष अध्यापन अनुभव भएको हुनुपर्नेछ ।<br>(३) प्रिन्सिपल पदका लागि उमेरहद ३५ बर्ष पुरा भई ५२ बर्ष ननाघेको हुनुपर्ने । | | ४४,२८०।- | २३,७२०।- | ६८,०००।- |

२. **दरखास्त फाराम पाईने र बुझाउने स्थान** : (क) श्री कल्याणकारी योजना निर्देशनालय, जङ्गी अड्डा । (ख) श्री नेपाली सेना स्वास्थ्य बिज्ञान संस्थान, भण्डारखाल । (ग)श्री स्वास्थ्य सेवा व्यवस्थापन महाशाखा, छाउनी (घ) श्री सैनिक आवासीय महाविद्यालय, चितवन, पोखरा, धरान, सुर्खेत र धनगढी ।

३. **दरखास्त फाराम दस्तुर** : (क) प्रिन्सिपल रु.१५००।- (ख) MDGP डाक्टर रु.१,५००।- (ग) लेक्चरर रु.१,२००।- (घ) डेमोन्सट्रेटर रु.१,०००।-

४. **दरखास्त बुझाउने अन्तिम मिति** : मिति २०७५/०८/२१ गतेको १५०० बजे भित्र ।

५. **दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु** : देहायमा उल्लेखित प्रमाणपत्रहरुको प्रतिलिपि आफैले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

(क) व्यक्तिगत विवरण (Curriculum Vitae) (ख) नागरिकताको प्रतिलिपि

(ग) शैक्षिक प्रमाणपत्रहरु - एस.एल.सी. र सो देखि माथि हरेक तहको लब्धाङ्क पत्र/ट्रान्सक्रिप्ट, प्रोभिजनल/ओरिजिनल सर्टिफिकेट, चारित्रिक प्रमाणपत्र, Migration Certificate, Equivalent Certificate (विदेशबाट अध्ययन गरेको भएमा) ।

(घ) अनुभव,तालिम तथा प्राप्त अन्य प्रमाणपत्रहरुका प्रमाणित प्रतिलिपिहरु । (ङ) नेपाल सरकारबाट मान्यता प्राप्त अस्पतालबाट निरोगिताको प्रमाणपत्र ।

(च) सम्बन्धित् काउन्सिलको सदस्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (छ) हालसालै खिचेको पासपोर्ट साईजको २ प्रति फोटो र रु.१० को टिकट ।

६. **छनौट प्रक्रिया** :

(क) प्रथम चरणमा Short List प्रकाशन, दोस्रो चरणमा लिखित परीक्षा,) तेस्रो चरणमा प्रयोगात्मक परीक्षा र अन्तिम चरणमा अन्तरवार्ता परिक्षा तथा नतिजा प्रकाशन गरिनेछ ।

(ख) परीक्षाको माध्यम आवश्यकता अनुसार नेपाली वा अंग्रेजी हुनेछ ।

७. **सम्पर्क मिति र समय** : मिति २०७५/०८/२३ गतेको १६०० बजे ।

८. **सम्पर्क राख्ने स्थान** : दरखास्त फाराम बुझाएको स्थानमा ।

**नोट** :

(क) विभिन्न चरणमा हुने छनौट प्रक्रिया सम्बन्धी विस्तृत विवरण सम्पर्क मितिका दिन जानकारी गराइनेछ ।

(ख) दरखास्त दिने उम्मेदवार फौजदारी/अदालती/कानुनी रुपमा दोषी नभएको हुनुपर्नेछ ।

(ग) अन्तरवार्तामा सहभागी हुन आउने उम्मेदवारले नागरिकता, सम्पूर्ण तहका शैक्षिक प्रमाणपत्रहरु, वाञ्छनीय योग्यताको प्रमाणपत्रहरुको सक्कल प्रति साथमा लिई आउनु पर्नेछ ।

(घ) तोकिएको स्थान, मिति र समयमा उपस्थित नहुने उम्मेदवारहरुलाई पुन: परीक्षाको व्यवस्था गरिने छैन ।

(ङ) बिज्ञापन सम्बन्धी थप जानकारीको लागि नेपाली सेनाको वेभ साईट www.nepalarmy.mil.np वा फोन नं. ०१-४२२५९४३ मा सम्पर्क राख्न सकिनेछ ।